फोन नं☎: ९८५७०६६४९८
Email:info@paninimun.gov.np

# पाणिनी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

दुर्गाफाँट,अर्घाखाँची
लुम्बिनी प्रदेश,नेपाल

प.स.:
च.नं:

मिति:२०७७/०७/०६

## शुभकामना सन्देश !!!

हिन्दु धर्मावलम्बीहरुको महान चाड विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण पाणिनीवासी तथा देश विदेशमा रहनुभएका समस्त नेपाली आमा, बुवा,दाजुभाई तथा दिदी ,बहिनीहरुमा सुख, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

कोभिड १९ को यस महामारीको अवस्थामा सम्पूर्ण नेपालीहरुमा यो रोग संग लड्ने रोग प्रतिरोधात्मक शक्ति श्री दुर्गामाताले प्रदान गरुन्,साथै यस वर्तमान समयमा कोभिड १९ को संक्रमण बढ्दै गईरहेकोले उक्त संक्रमणवाट आफू, आफ्नो परिवार, समाज र सिगों देशलाई जोगाउनका निम्ति निम्न उपायहरु अपनाउन सम्पूर्ण पाणिनीवासीहरुमा पाणिनी गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

१. खानेकुरालाई राम्रो संग पकाएर मात्र खाने ।
२. कुनै सामान वा चिजछोईसकेपछी राम्रो संग सावुन पानीले मिची मिची हात धुने वा स्यानीटाईजरको प्रयोग गर्ने।
३. समूहमा भोज भतेरको आयोजना नगर्ने ।
४. कोभिड १९ का लक्षणहरु: जस्तै उच्च ज्वरो आउने, सुख्खा खोकी लाग्ने, श्वास फेर्न गार्हो हुने जस्ता लक्षणहरु देखिनासाथ नजिकको स्वास्थयकर्मी संग परामर्श लिने।
५. सामाजिक दुरी कायम गर्दै आफ्ना आवश्यक कार्यहरु गर्ने।
६. अति आवश्यक परेको खण्डमा बाहेक घरवाट वाहिर ननिस्कने र वाहिर निस्कनुपर्दा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने ।
७. महान चाड विजयादशमीको अवसरमा कोभिड १९ को संक्रमणको अवस्था बढ्दो रुपमा देखीएकोले परम्परा देखी चलीआएका ऐतिहासिक सम्पूर्ण मठ मन्दिरहरुमा भौतिक दुरी कायम गरी नित्य पूजा गर्ने बाहेकका मानिसहरु भिडभाड, सरायनाच, पशुवली जस्ता कार्यहरु नगर्ने ।

अच्युत गौतम
अध्यक्ष
एवम्
पाणिनी गाउँपालिका परिवार